प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
नेपाल

# प्यूठान नगरपालिकाको
# चौथो नगर सभामा नगर प्रमुख अर्जुन कुमार कक्षपती ज्यूले पेश गर्नु भएको प्रगति प्रतिवेदन

प्यूठान नगरपालिका

बिजुवार, प्यूठान

५ नं. प्रदेश, नेपाल

२०७५ माघ २५ गते

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान ५ नं. प्रदेश नेपाल

यस गरिमामय नगर सभामा उपस्थित हुनु भएका नगर सभाका सदस्य ज्यूहरू,

आज हामी प्यूठान नगरपालिकाको चौथो नगर सभामा उपस्थित भएका छौं। यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो ज्यानका आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्दै जनआन्दोलनका घाइतेहरू, द्वन्द्व पीडितहरू तथा सम्पूर्ण नगरवासी महानुभावहरूलाई उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु । साथै प्यूठान नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री खिम वहादुर विष्टको असामयिक निधन प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु ।

प्यूठान नगरपालिकालाई समृद्ध नगर वनाउन आ.व. ०७५/७६ मा वार्षिक नीति तथा कार्यक्रम र वार्षिक वजेट प्रस्तुत गरी सकिएको छ । जनताको अपेक्षा र आकांक्षाहरूलाई सम्बोधन गर्न उपलब्ध साधन स्रोतको अत्युत्तम उपयोग गरी सेवा प्रवाह तथा विकासका कार्यलाई नगरपालिकाले प्राथमिकता दिएको छ । प्यूठान नगरपालिकाबाट सबै वडाहरूमा समानुपातिक रूपमा बजेट बाँडफाँट गरी बस्तीस्तरमा संकलन भएका आयोजना कार्यक्रमहरूलाई वडासभाले प्राथमिकीकरण गरे बमोजिम बजेटको व्यवस्था गरिएको छ ।

नगर सभाका सदस्यज्यूहरू,

आ.व. २०७५।०७६ को लागि तेश्रो नगर सभाबाट स्वीकृत भएका कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने क्रममा आई परेका कठिनाई तथा सवै क्षेत्रमा बजेट विनियोजन हुन नसकेको अवस्थामा कुनै कार्यक्रमको नाम, वजेट संशोधन गर्नु परेको अवस्थाले गर्दा यस चालु सभामा कार्यक्रम संशोधन गरी स्वीकृत गर्नु परेको छ ।

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण सशर्त अनुदानको वजेट र आन्तरिक आय समेत वाडफाँट भई सकेपछि पनि प्रदेश सरकार संघीय सरकार तथा अन्य संघ संस्थाहरूबाट हाम्रो नगरपालिकामा थप कार्यक्रमहरू परेका छन् ।

हामी जनप्रतिनिधि तथा अन्य सहयोगीहरूको पहलमा यस्ता कार्यक्रमहरू हाम्रो नगरपालिकामा ल्याउन सहयोग गर्ने प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

अब म २०७५ श्रावण महिना देखि हाल सम्म भएका मुख्य मुख्य कार्यक्रम तथा प्रगति विवरण यस सभा समक्ष पेश गर्न चाहान्छु ।

तेश्रो नगर सभाबाट स्वीकृत भएका कार्यक्रम पछि संघीय सरकार र प्रदेश सरकारसँग पहल गरी थप प्राप्त गरेका कार्यक्रमहरू समेत प्रस्तुत गरेको छु ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

नगरका अल्पकालिन, मध्यकालिन र दीर्घकालिन लक्ष्यहरू निर्धारण गरी योजनावद्ध विकासका लागि नगरपालिकाको १५ वर्षे एकीकृत नगर गुरू योजना निर्माण कार्य यस आ.व.मा सम्पन्न हुने गरी कार्य अघि वढाइएको छ ।

नगरपालिकाको प्रमुख प्राथमिकतामा रहेको भिमरूक नदी नियन्त्रण कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको र यस आ.व.मा भिमरूक नदी नियन्त्रण र न.पा.को प्रशासकीय भवन सम्म जाने वाटो कालो पत्रे गर्ने कार्यको लागि ठेक्का ब्यवस्थापन कार्य सम्पन्न भई निर्माण ब्यवसायीसंग सम्झौता हुने कार्य अन्तिम चरणमा रहेको छ । साथै यस नगरपालिकालाई पर्यटकीय क्षेत्रमा समेत समृद्ध वनाउने उद्देश्यले ऐतिहासिक पर्यटकीय स्थल भित्रीकोट स्थित भित्रीकोट दरबार संरक्षण, भित्रीकोट रक गार्डेन र प्यूठान नगरपालिका वडा नं. ४ र ७ मा पर्ने गाँजुरी क्षेत्रमा शहीद पार्क र विजुवार खेलकुद मैदानको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार भएको छ । शहरी विकास मन्त्रालयबाट जुम्री बसपार्क, ढुङ्गेठाँटी, देउराली हुँदै रोल्पा जोड्ने सडकको ( डि.पि.आर.)सम्पन्न भएको छ ।

नगरपालिकाको शहरी क्षेत्रबाट निस्कने फोहोरलाई वर्गीकरण गरी ब्यवस्थित रूपमा ब्यवस्थापन गर्न स्वर्गद्वारी आधुनिक कृषि तथा पशुपन्छी फर्मसँग सहकार्यमा कार्य गर्न सम्झौता भई कार्य प्रकृया अगाडि बढी सकेको छ ।

नगरपालिका भित्र रहेका खरको छाना विस्थापित गर्ने कार्यको लागि यस आ.व.मा नगरपालिकाको बजेट रू ६०,००,०००। विनियोजन गरिएको र प्रदेश सरकारवाट रू ६०,००,०००। समपुरक कोषको रूपमा विनियोजन भई जम्मा रू १,२०,००,०००। को बजेटबाट जस्ता पाता खरीदको प्रकृया अघि वढाउने तयारी गरिएको छ । वृहत विजुवार खानेपानी तथा साना शहरी योजनाको लागि प्यूठान नगरपालिकाबाट रू २५ लाख, प्रदेश सरकारबाट रू ५० लाख र उपभोक्ता समितिको तर्फवाट रू २५ लाख गरी जम्मा रू १ करोड रकम विनियोजन भएको, एक वडा एक नमूना कार्यक्रम अन्तरगत नगरपालिकाको वडा नं. ७ को वाग्दुलामा तरकारी मण्डी निर्माण गर्न नगरपालिकावाट रू २० लाख र प्रदेश सरकारबाट रू २५ लाख गरी जम्मा रू ४५ लाख रकम विनियोजन भई कार्य प्रक्रिया अगाडि बढाइएको ब्यहोरा जानकारी गराउन चाहान्छु । तरकारी मण्डी निर्माण र वडा नं. ४ को जुम्रीमा आधुनिक ब्यवस्थित मासु पसल निर्माण गर्न जग्गा भाडामा लिने कार्यको लागि जग्गा धनीहरूसंग सम्झौता सम्पन्न भएको छ । साथै आधुनिक ब्यवस्थित मासु पसलको लागि प्रदेश सरकार सँग थप बजेट माग गरी प्रस्ताव पठाइएको छ । जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माणको लागि जग्गा खरीद गर्न रू ४० लाख विनियोजन भएकोमा वोलपत्र आव्हान गरी खरीद प्रकृया अन्तिम चरणमा पुगेको छ ।

स्थानीय साझेदार पूर्वाधार विकास कार्यक्रम तर्फवाट प्यूठान न.पा. ४ स्थित शहीद उमेश स्मृति प्रतिष्ठान निर्माणको लागि रू ५० लाख, सरस्वती प्रा.वि. वडा नं. ५ भौतिक सुधारको लागि रू १० लाख र भिमरूक रानीचौर खानेपानी वडा नं. २ को लागि रू ४० लाख गरी जम्मा रू १ करोड विनियोजन भएको र उक्त योजनाहरूको सम्झौता कार्य अघि वढेको छ । यसै गरी शहीद स्मृति पार्क

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

निर्माणको लागि डिभिजन वन कार्यालय प्यूठानवाट रू ५० लाख र प्यूठान उद्योग वाणिज्य संघवाट रू ३० लाख विनियोजन भएको छ ।

आ.व. ०७४/७५ मा यस नगरपालिका र सडक बोर्ड नेपालको साझेदारीमा यस नगर क्षेत्र भित्रका २ वटा सडकहरूको स्तरोन्नति कार्य सम्पन्न भएको र चालु आ.व. का लागि दाखा क्वाडी वर्जिवाङ सोत्रे रोल्पा सडक स्तरोन्नतिको लागि योजना छनौट गरी कार्यान्वयनको लागि सडक बोर्ड नेपालमा पठाइएको छ ।

पूर्वाधार विकास कार्यालय प्यूठान मार्फत वडा नं. ६ को माझकोट गुरूङ्गगाउँ-जाने सडक निर्माणको लागि रू. २० लाख बजेट विनियोजन भई प्रकृया अगाडि बढेको छ ।

सम्वृद्ध प्युठान नगरपालिका निर्माणका लागि सार्वजनिक, निजी, सहकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाउने नीति अनुरूप नगर भित्रको फोहोर मैला व्यवस्थापनको लागि चालु आ.व.मा निजी क्षेत्रसंगको सहकार्यमा कार्य शुरू गरिएको र फोहोरबाट उर्जा उत्पादन कार्यका लागि प्यूठान नगरपालिका, मल्लरानी गाँउपालिका र माण्डवी गाँउपालिकासँगै सहकार्य गरी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्य सम्पन्न गरिएको छ।

तेश्रो नगरसभावाट आ.व. ०७५।७६ मा संचालन हुने गरी स्वीकृत भएका १० लाख भन्दा माथिका योजनाहरू मध्ये ३ वटा सडकको ठेक्का व्यवस्थापन भई निर्माण व्यवसायीसंग सम्झौता सम्पन्न भएर निर्माण कार्य अघि वढेको र भौतिक पूर्वाधार तर्फका १८६ वटा योजनाहरू मध्ये को ११५ वटा योजनाहरूको सम्झौता भई कार्य संचालन भएको र केही योजनाहरू कार्य सम्पन्न भई भुक्तानी समेत भैसकेको व्यहोरा अवगत गराउन चाहान्छु । साथै उपभोक्ता समितिहरुलाई योजना संचालन र व्यवस्थापन तथा भुक्तानी प्रकृयाका विषयमा सहजताका लागि तालीम संचालन गर्न प्रकृया अघि वढाइएको छ ।

प्यूठान नगरपालिकामा एक घर एक धाराको अवधारणा अनुसार टाकुरा लिफ्ट खानेपानी योजनामा ४८ वटा धारा र प्यूठान नगरपालिका र पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजनासंगको साझेदारी वडा नं. ५ र ६ मा स्वामीफेद खा.पा.योजनामा ५४ वटा, वडा नं. ६ को भुतभुते खा.पा. योजना मार्फत १४ घरमा सोलार लिफ्टवाट र ३८ घरमा ग्राभिटी प्रणालीवाट, वडा नं. ६ र ८ मा उपल्लो सातमुले खा.पा. योजनाबाट १२८ घरधुरी, वडा नं. १ किटघाटमा झिमरूक एकीकृत ग्रामीण विकास केन्द्रसंग साझेदारीमा २८ वटा घर धुरीमा खानेपानी धारा निर्माण भएको छ।

नगर सभाका सदस्यज्यूहरू,

अव म यस आर्थिक वर्षको माघ २२ गते सम्म भएको खर्च विवरण नगर सभा समक्ष प्रस्तुत गर्न चाहान्छु । यस आ.व.को कुल वजेट ५५ करोड ८३ लाख ६ हजार ८ सय ८२ रहेको छ । यस

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

आ.व. ०७५।७६ को माघ २२ गते सम्ममा चालु तर्फ १२ करोड ९८ लाख ५३ हजार ५ सय ७६ र पैसा ३०, गरी जम्मा ३४.५७ प्रतिशत, पुंजीगत तर्फ ३ करोड ५ लाख १४ हजार ९ सय २३ गरी जम्मा १६.६१ प्रतिशत गरी जम्मा वजेटको २८.६७ प्रतिशत खर्च भएको छ । क्षेत्रगत विनियोजनमा आर्थिक विकास तर्फ २१ लाख ५६ हजार २ सय ४० (७.७० प्रतिशत), सामाजिक विकास तर्फ ८ करोड १५ लाख ४ हजार ९ सय ७७ (३६.३९ प्रतिशत), पूर्वाधार विकास तर्फ २ करोड ६८ लाख ६६ हजार ७ सय २३ (१९.७८ प्रतिशत), वातावरण तथा विपद व्यवस्थापन तर्फ २० लाख (४३.७६ प्रतिशत), संस्थागत विकास तथा सेवा प्रवाह तर्फ १२ लाख ३८ हजार ४ सय १० (२१.८८ प्रतिशत) र सामाजिक सुरक्षा तर्फ प्रथम चौमासिकमा रू २ करोड ८ लाख १५ हजार १ सय ७१ (३२.१२ प्रतिशत) खर्च भएको छ । यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ४५६१ जना रहेको छ ।

यसै गरी यस आ.व.को पौष महिनासम्म राजस्व रकम रू ४७ लाख ३३ हजार ४ सय ८० संकलन भएको छ ।

यस आ.व.मा स्वास्थ्य तर्फ वडा नं. २, ४, ७ र १० मा संघीय सरकार, स्वास्थ्य मन्त्रालयबाट स्वास्थ्य संस्था निर्माणको लागि दरबन्दी सहित स्वीकृत भइसकेको जानकारी हुन आएको छ । नगरपालिका भित्रका ९ वटा स्वास्थ्य संस्थाहरूका लागि औषधी खरीद गरी हस्तान्तरण गरिएको, अस्पतालमा भर्ना हुने विरामीहरूका लागि खाद्यान्न व्यवस्थापन कार्यको लागि सप्लायर्ससंग ठेक्का सम्झौता भई काम शुरू भएको, स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरू ४७ जनालाई आमा सुरक्षा वापतको रकम वितरण गरिएको र २०० थान न्यानो झोला खरीद गरिएको र किशोरीहरूका लागि रू २५ हजारको स्यानिटरी प्याड खरीद गरी वितरणको चरणमा रहेको, प्रथम चरण अन्तरगत भिटामीन ए र जुकाको औषधी खुवाउने कार्य र विश्व स्तनपान दिवस सम्पन्न भएको छ ।

शिक्षालाई गुणस्तरीय र प्रविधि मैत्री वनाउन शुरूवात गर्ने क्रममा १ वडा १ नमूना विद्यालय छनौट गरिएको छ । सशर्त अनुदान तर्फ यस नगरपालिकालाई प्राप्त भएको शिक्षा विकास अनुदान सहयोग वितरण कार्य सम्पन्न भएको साथै शिक्षा दिवसका अवसर उत्कृष्ट शिक्षक, विद्यालय कर्मचारी, सहयोगी कार्यकर्ता र विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत गरिएको छ ।

यस आ.व.को कृषि कार्यक्रम तर्फ टिपियस आलुको वियाँ, च्याउ खेती विस्तारका लागि ५० प्रतिशत छुटमा च्याउको विउ, तरकारी करेसावारी कम्पोजिट प्याकेट वितरण, गहुँ उत्पादन कार्यक्रम, नमूना सस्तो नर्सरी तरकारी वाली र वाली संरक्षण कार्यक्रम सम्पन्न भएको साथै माछा भुरा ढुवानी मत्स्य सामग्री र पोखरी निर्माण, पुष्पखेती गर्ने व्यक्ति वा संस्थालाई सहयोग, ८० प्रतिशत छुटमा प्लाष्टिक टनेल वितरण गर्ने कार्यको प्रकृया अघि वढेको छ । यसै गरी पशुसेवा कार्यक्रम तर्फ परजिवी नियन्त्रण तथा औषधी वितरण कार्यक्रम, पशु स्वास्थ्य सेवा कार्यक्रम, बरसिम, भेच, जैं घाँसको विउ वितरण कृषि सामग्री खरीद कार्य प्रथम चौमासिकको लक्ष्य अनुसार सम्पन्न भएको छ ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

महिला सशक्तिकरण तर्फ महिला समुह, समिति गठन सम्वन्धी अनुशिक्षण, सशक्तीकरण कार्यक्रम, लैंगिक हिंसा सम्वन्धी १६ दिने अभियान र महिला, वालवालिका र जेष्ठ नागरिकहरूको हक अधिकार लगायतका विषयमा चेतना जगाउन विभिन्न दिवसीय कार्यक्रमहरू सम्पन्न भएको, विभिन्न जातजातिको संस्कृति र भेषभुषा संरक्षण र प्रवर्द्धनका लागि नगरपालिका भित्र रहेका आदिवासी जनजातिहरूको भेषभुषा खरीद गरी माघी मेला कार्यक्रममा प्रदर्शन गरिएको र विभिन्न दिवसीय कार्यक्रमहरू मनाइएको । खेलकुद विकास लागि विभिन्न खेलसंग सम्वन्धित संस्थाहरूलाई सहयोग प्रदान गरिएको छ ।

जेष्ठ नागरिकहरूका लागि प्रदान गरिदै आएको निशुल्क आँखा शिविर कार्यक्रम र निशुल्क आँखा उपचारको कार्यक्रम संचालनका लागि आँखा उपचार केन्द्रसंग सम्झौता सम्पन्न भई कार्य अघि वढेको छ । विभिन्न प्रकोपवाट आई पर्ने विपत्तिका लागि राहत स्वरूप रू ४ लाख विनियोजन भएकोमा २१ जनालाई राहत स्वरूप रकम वितरण गरिएको छ ।

नदीजन्य पदार्थ उत्खनन् र निकाशीको लागि नगरपालिका क्षेत्र भित्र रहेको नाकाहरूको लागि ठेक्का आब्हान भएकोमा विजुवार नाकाको लागि मात्र ठेक्का व्यवस्थापन भएको र अन्यका हकमा नगरपालिकाले नै अमानतवाट निकाशी कर संकलन प्रकृया अघि वढाइने र कवाडी निकाशी करको लागि ठेक्का व्यवस्थापन भई सम्झौता भईसकेको छ ।

एक वडा एक नमूना कार्यक्रम अन्तरगत वडा नं. ६ मा व्यावसायिक माहुरी पालनको लागि फूलबारी एकीकृत ग्रामीण विकास संस्था मार्फत रू. १० लाख र नगरपालिकाको ८ लाख ५० हजार बजेटको सहकार्यमा कार्यक्रम अगाडि बढाइएको छ ।

नगर सभा सदस्यज्यूहरू,

प्यूठान नगरपालिकाको प्रशासकीय भवन निर्माण अन्तिम चरणमा पुगेको साथै पुनः निर्माण कार्यक्रम अन्तरगत साविकको जिल्ला प्राविधिक कार्यालयवाट हस्तान्तरण भई आएका साविकको दाखाक्वाडी गा.वि.स.भवन निर्माण, माझकोट गा.वि.स.भवन निर्माण यस आ.व.मा सम्पन्न गर्नको लागि निर्माण व्यवसायीहरूसँग म्याद थप गरी निर्माण कार्य अघि वढाइएको छ ।

यस आ.व. मा प्यूठान नगरपालिकावाट भवन निर्माण कार्यलाई व्यवस्थित गर्न मापदण्ड पुगेका २ वटा घर नक्शा पास भएको, १० वटा प्रकृयामा रहेको र २७ वटाको निवेदन मात्र प्राप्त भएको छ । यसै गरी यस आ.व.मा २५ वटा सहकारी संस्थाहरू नगरपालिकामा सुचीकृत भएको र ४ वटा सहकारी संस्थाहरू नयाँ दर्ता भएको छ । जेष्ठ नागरिक परिचय पत्र ४३ वटा वितरण भएको र २०७५ वैशाख देखि हाल सम्म जन्म दर्ता १५७१, मृत्युदर्ता ३२०, विवाह दर्ता ३४२ र वसाई सराई ८४ गरी जम्मा २३१७ व्यक्तिगत घटना दर्ता भएको छ ।

स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्रको अधीनमा रही निम्नानुसारका योजना तथा कार्यविधिहरू निर्माण गरिएको छ । नगर राजपत्रमा ऐन, नियम, कार्यविधिहरू संख्या २० प्रकाशित भई सकेका र

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

तपसिलमा उल्लेख भएका लगायत तेस्रो सभाबाट पारित भएका समेत जम्मा संख्या ३६ वटा ऐन, नियम, कार्यविधिहरू पारित भएका छन् ।

- प्यूठान नगरपालिकाको शैक्षिक अनुदान वितरण कार्यविधि, २०७५
- प्यूठान नगरपालिकाको नगर शिक्षा योजना, २०७५ - २०७७
- प्यूठान नगरपालिकामा करारमा सामाजिक परिचालक व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५
- प्यूठान नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७५
- अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण कार्यविधि, २०७५
- नगरपालिकावाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
- जनता आवास, अति विपन्न, एकल महिलाहरूका लागि आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
- वडा स्तरीय नमूना कृषि उपज व्यवस्थापन कार्यविधि, २०७५
- प्यूठान नगरपालिकाका विषयगत समितिहरूको कार्य संचालन कार्यविधि, २०७५

नगर क्षेत्र भित्रको व्यस्त बजार र सडकहरूको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्दै जाने नीति अनुरूप विजुवार मित्रमणि चोक, वाग्दुला चोक, जुम्री वसपार्क क्षेत्र र वडा नं. २ चितिखोलामा सिसि टिभि जडान गरी प्रहरीको जिम्मामा दिइएको छ ।

नगरपालिका भित्र उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न न्यायिक समिति क्रियाशील रहेको छ । हाल सम्म न्यायिक समितिमा १४ वटा उजुरी प्राप्त भएकोमा १३ वटा मेलमिलापको माध्यमवाट निरूपण गरिएको र एउटा प्यूठान जिल्ला अदालतमा पठाइएको छ ।

नगर सभाका सदस्यज्यूहरू,

प्यूठान नगरपालिकाको प्राथमिकतामा रहेको झिमरूक तटवन्ध व्यवस्थापन गर्न संघीय सरकारसँग समपूरक अनुदानका लागि प्रस्ताव पेश गरिएको छ साथै संघीय सरकारसँग विशेष अनुदान तर्फ वडा नं. ५ को शिक्षा विकासका लागि प्रस्ताव पेश गरिएको छ । सो को निर्णय हुन बाँकी रहेको छ । ऐतिहासिक पर्यटकीय स्थल भित्रीकोट दरबार संरक्षणको लागि संघीय सरकार र प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास मन्त्रालयमा प्रस्ताव पेश गरिएको छ । त्यसै गरी वडा नं. २ मा पुरातत्व विभागबाट निर्माण गरिएको भवनमा सङ्ग्रहालय निर्माणको लागि प्रदेशको सामाजिक विकास मन्त्रालयमा प्रस्ताव पेश गरिएको छ । नगर क्षेत्र भित्र शीत भण्डार निर्माणको लागि प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा प्रस्ताव तयार गरी पठाइएको छ ।

धन्यवाद ।